## विधायन ऐन,२०८१ को दफा ६ को प्रयोजनका लागि

## भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,२०८३

- **विधेयक तर्जुमा गर्नुपर्नको कारण**

  भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजन र भूमि प्रशासन सेवालाई स्थानीय तहमा विस्तार गर्न आवश्यक भएकोले ( जग्गा (नाप जाँच) ऐन, २०१९, भूमि सम्बन्धी ऐन,२०२१, गुठी संस्थान ऐन, २०३३ मालपोत ऐन,२०३४, र भूउपयोग ऐन, २०७६ लाई संशोधन गर्ने सम्बन्धमा) भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,२०८३ को तर्जुमा गरिएको।

- **मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**
  - नेपालको संविधानको धारा ३७ बमोजिम आवास विहिन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवासको अधिकार सम्बन्धी हक कार्यान्वयन गरी भूमिहिनलाई भूमि उपलब्ध हुने।
  - प्रस्तुत विधेयकले भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र व्यवस्थापनका लागि संस्थागत प्रवन्ध गरी सम्बन्धित समूहको समस्या समाधान हुने।

- **आर्थिक / वित्तीय प्रभाव सहित सुशासन प्रवद्धनः**
  - रजिष्ट्रेशन लगायतका कार्यहरु स्थानीय तहबाटै सम्पादन हुने भएकोले सेवाग्राहीको समय र खर्च बचत हुने तथा सेवा प्रवाहमा सहजता आउने।
  - भूउपयोग परिवर्तन प्रक्रिया सहज हुँदा जग्गाको उत्पादनशील तथा आवश्यकता अनुरुपको उपयोगमा सहजता आउने।
  - भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीको समस्या समाधान भई आर्थिक क्रियाकलापमा बढोत्तरी हुने।

- **दिगो विकासको लक्ष्य / जलवायु अनुकूलनमा पुग्ने सहयोगः**
  - आवासको हक सुनिश्चित हुने र व्यवस्थित वसोवासको प्रबन्धबाट दिगो विकासको लक्ष्य प्रासी भई सहयोग पुग्ने।

- **अन्य आवश्यक विषयः** भूमि प्रशासन सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउन आवश्यक भएकोले।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मदन भुजेल
सचिव

# भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** भूमी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय ससदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **जग्गा (नाप जाँच) ऐन, २०१९ मा संशोधन** : जग्गा (नाप जाँच) ऐन, २०१९ को ठाउँ ठाउँमा रहेका "मालपोत कार्यालय" भन्ने शब्दहरूका सट्टा "भूमि प्रशासन कार्यालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

३. **भूमि सम्बन्धी ऐन,२०२१ मा संशोधन**: भूमि सम्बन्धी ऐन,२०२१ को,-

(१) दफा १२ को खण्ड (ख१) मा देहायको प्रतिवन्धात्मक बाक्यांश थपिएको छः-

"तर नेपाल सरकारको पूर्ण स्वामित्व भन्दा कम पचास प्रतिशत भन्दाबढी शेयर स्वामित्व भएको सार्वजनिक संस्थाले भोगचलन गरेको वा त्यस्तो संस्थाले प्राप्त गर्ने जग्गाको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम हुनेछ।"

(२) दफा ५२क. को उपदफा (३) र (४) झिकिएका छन्।

(३) दफा ५२ख. को, -

(क) उपदफा (४) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनारको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा आरक्षको जग्गा, हाल रुख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा,

तर शुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ग. मा तोकेको समयावधि भन्दा अगावैदेखि घर टहरा बनाई आवाद कमोत गर्दै आएका रहेछन् र त्यस्तो जग्गा शुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लगतमा उल्लेख भए बमोजिम हाल उपयोग नभएको व्यहोरा जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको किटानी निर्णय सहित लेखी आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्ने छैन।"

(ख) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, गरिबी निवारण तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मदन भुजेल
सचिव

"(४क) उपदफा (४) मा उल्लिखित जग्गामा वा नदी किनार, ताल तलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनु पर्नेछ।"

(ग) उपदफा (६), (७), (८) र (९) झिकिएका छन्।

(४) दफा ५२ग. को उपदफा (८) झिकिएको छ।

(५) दफा ५२ग. पछि देहायको दफा ५२ग१. थपिएको छः-

"५२ग१. <u>समिति वा कार्यदलको गठन</u> : (१) दफा ५२क. र दफा ५२ख. बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा दफा ५२ग. बमोजिम अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारले केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समिति वा कार्यदलले जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र प्रमाण सङ्कलन गरी जग्गा उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने समिति वा कार्यदल र सो समिति तथा कार्यदलमा रहने अध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार तथा कार्याविधि तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम गठन हुने समिति वा कार्यदलले यो दफा प्रारम्भ हुनुअघि नेपाल सरकारको निर्णयबमोजिम गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्याहरूको समेत समाधान गर्नेछ।"

(६) दफा ६१ पछि देहायको दफा ६१क. थपिएको छ :-

"६१क. <u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u> : यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।"

४. <u>गुठी संस्थान ऐन, २०३३ मा संशोधन</u> : गुठी संस्थान ऐन, २०३३ को दफा ४२क. पछि देहायको दफा ४२ख. थपिएको छः-

"४२ख. <u>जग्गा एकीकरण आयोजना सञ्चालन गर्ने</u>: (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले गुठी अधिनस्थ जग्गा समेत पर्ने गरी जग्गा एकीकरण आयोजना सञ्चालन गर्न सक्नेछ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, गरिबी निवारण तथा शासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मदन भुजेल
सचिव

(२) उपदफा (१) बमोजिम आयोजना सञ्चालन गर्दा संस्थानले प्राकृतिक व्यक्ति सरह योगदान गर्नु पर्नेछ।

५. <u>मालपोत ऐन, २०३४ मा संशोधन</u>: मालपोत ऐन,२०३४ को,-

(१) दफा २ को खण्ड (ख१) को सट्टा देहायको खण्ड (ख१) राखिएको छ :-

"(ख१) "भूमि प्रशासन अधिकृत" भन्नाले नेपाल सरकारले नियुक्त गरेको प्रमुख भूमि प्रशासन अधिकृत, भूमि प्रशासन अधिकृत वा यस ऐन बमोजिम भूमि प्रशासन अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले नियुक्त गरेको कुनै अधिकृत वा भूमि प्रशासन कार्यालयका प्रमुख वा दफा ८ग. बमोजिम काम गर्न तोकिएको अधिकृत सम्झनु पर्छ।"

(२) दफा ८क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दफा ७ र ८ बमोजिम कायम भएको दर्ता स्रेस्ता अनुरूप नापी नक्सा अद्यावधिक गर्नु पर्ने भएमा भूमि प्रशासन कार्यालय वा स्थानीय तहले सम्बन्धित नापी कार्यालय वा सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ र त्यसरी लेखी आएपछि नापी कार्यालय वा सम्बन्धित स्थानीय तहले पनि नापी नक्सामा आवश्यक अद्यावधिक गर्नु पर्नेछ।"

(३) दफा ८ख. पछि देहाय बमोजिम दफा ८ग. थपिएको छ :-

"८ग. <u>रजिष्ट्रेशन सम्बन्धी काम स्थानीय तहले समेत गर्न सक्ने</u> : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको लिखत रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज, लगत कट्टा, रोक्का तथा रोक्का फुकुवा गर्ने काम सम्बन्धित स्थानीय तहको भूमि व्यवस्थापन शाखाले समेत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले सम्पादन गर्ने काम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(४) दफा ३२ख. को सट्टा देहायको दफा ३२ख. राखिएको छ :-

"३२ख. <u>काम कारबाही बदर गर्न सक्ने</u> : भूमि प्रशासन अधिकृत वा कुनै स्थानीय तहको भूमि व्यवस्थापन शाखाले पारित गरेको लिखत, जग्गाको नामसारी, दाखिल खारेज, लगत कट्टा तथा दफा ७ को उपदफा (३) मा उल्लिखित विवरणहरूमा संशोधन गर्दा प्रचलित कानून बमोजिम गम्भीर त्रुटि भएको छ भन्ने कुरा अदालतमा उजुरी पर्नु अघि कसैको निवेदन परी वा कुनै व्यहोराले थाहा हुन आएमा भूमि व्यवस्थापन तथा अभिलेख विभागको महानिर्देशकले उक्त निर्णय बदर गरी प्रचलित कानून बमोजिम पुन: निर्णय गर्न सक्नेछ। यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सहुलियत मन्त्रालय ... सिंहदरबार, काठमाडौं

मदन भुजेल
सचिव

(५) दफा ३३. पछि देहायको दफा ३३क. थपिएको छः-

"३३क. <u>निर्देशिका वा कार्यविधि बनाउन सक्नेः</u> यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।"

(६) <u>रूपान्तर</u> :ऐनको ठाउँ ठाउँमा रहेका "मालपोत कार्यालय" भन्ने शब्दहरूको सट्टा "भूमि प्रशासन कार्यालय" र "मालपोत अधिकृत" भन्ने शब्दहरूको सट्टा "भूमि प्रशासन अधिकृत" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

६. <u>भूउपयोग ऐन,२०७६ मा संशोधन</u> : भूउपयोग ऐन, २०७६ को,-

(१) दफा ८ को उपदफा (२)पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) बमोजिम प्राप्त निवेदन मनासिब देखिएमा एक पटकका लागि स्थानीय भूउपयोग परिषद्‌ले भूउपयोग परिवर्तन गर्न सक्नेछ।"

(२) दफा ८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२क) बमोजिम स्थानीय भूउपयोग परिषद्‌ले भूउपयोग परिवर्तन गरी कायम गरिएभन्दा फरक प्रयोजनमा प्रयोग गर्नुपर्ने भएमा सोको आधार र कारण खुलाई पुनः स्थानीय भूउपयोग परिषद् समक्ष निवेदन दिनुपर्नेछ र त्यसरी प्राप्त निवेदनको व्यहोरा मनासिब देखिएमा स्थानीय भूउपयोग परिषद्‌ले प्रादेशिक भूउपयोग परिषद्‌समक्ष अनुरोध गर्नु पर्नेछ।"

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

मदन भुजेल
सचिव